ने.स., जि.प्र.का., दर्ता नं २४४/०५४-०५५ काठमाडौं

# नेपाल आयुर्वेद चिकित्सक संघ

## AYURVEDA DOCTORS' ASSOCIATION OF NEPAL (ADAN)

काठमाडौं, नेपाल (Kathmandu, Nepal)

Ref. No: ११/०९१

**Date:** २०८३/०४/१७ गते

**11th Executive Committee**

**President**
Dr. Shankar Gautam
+977-9849196689

**Immediate Past President**
Dr. Shyam Babu Yadav
+977-9851139831

**Senior Vice-President**
Dr. Ramesh Paudel
+977-9845206811

**Vice-President**
Dr. Sirjana Shrestha
+977-9851176775

**Vice-Presidents (Provincial)**
**Koshi Province:**
Dr. Bijay Kumar Singh
**Madhesh Province:**
Dr. Shiv Narayan Gupta
**Bagamati Province:**
Dr. Devendra Kumar Yadav
**Gandaki Province:**
Dr. Narendra Lamichhane
**Lumbini Province:**
Dr. Kailash Neupane
**Karnali Province:**
Dr. Sudarshan Pokhrel
**Sudurpashchim Province:**
Dr. Himal Bhatta

**General Secretary**
Dr. Rishi Keshab Bhusal
+977-9856040222

**Secretary**
Dr. Dipak Mandal
+977-9851033300

**Treasurer**
Dr. Season Koju
+977-9851318045

**Members**
Dr. Santosh Khanal
Dr. Sujit Karna
Dr. Rajan Gnawali
Dr. Sadikshya Pant
Dr. Yogesh Dhakal
Dr. Keshav Neupane
Dr. Pragya Poudel
Dr. Saroj Ray Yadav
Dr. Prashant Shrestha
Dr. Nab Raj Joshi

**सम्माननीय प्रधानमन्त्रीज्यू**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**सिंहदरबार, काठमाडौं।**

**विषयः नेपालको आयुर्वेद क्षेत्रको सुदृढीकरण तथा प्रचलित कानुन अनुरूपका नीतिगत निर्णयका लागि अनुरोध।**

सम्माननीय ज्यू,

नेपाल आयुर्वेद चिकित्सक संघको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक सम्मान व्यक्त गर्दछौं। नेपालको मौलिक चिकित्सा प्रणालीको रूपमा रहेको आयुर्वेद केवल उपचार पद्धति मात्र नभई निरोगी नागरिक निर्माण, रोगको रोकथाम, स्वस्थ जीवनशैली प्रवर्द्धन, औषधीय वनस्पतिको संरक्षण, आफ्नै प्राकृतिक स्रोतबाट औषधि निर्माण, रोजगारी सिर्जना, स्वास्थ्य पर्यटन तथा समृद्ध नेपालको आधार निर्माण गर्ने महत्वपूर्ण क्षेत्र हो भन्नेमा हामी विश्वस्त छौं, सम्माननीयज्यू झन् वढी आश्वस्त हुनुहुन्छ भन्ने अपेक्षा समेत राखेका छौं।

सम्माननीय प्रधानमन्त्रीज्यूले विगतका विभिन्न सार्वजनिक कार्यक्रम, अन्तर्वार्ता तथा पोडकास्टहरूमा आयुर्वेदप्रति व्यक्त गर्नुभएको सकारात्मक दृष्टिकोण, आयुर्वेदको सम्भावना र नेपालको विकासमा यसको भूमिकाबारे व्यक्त गर्नुभएको स्पष्ट धारणा सम्पूर्ण आयुर्वेदकर्मीका लागि प्रेरणाको स्रोत बनेको छ। आयुर्वेदको व्यवहारिक पक्षसँग समेत निकटता रहनुभएका प्रधानमन्त्रीज्यूले यस क्षेत्रको वास्तविक सम्भावना र विद्यमान चुनौतीलाई गहिरो रूपमा बुझ्नुभएकोमा हामी विश्वस्त छौं।

यसै विश्वासका कारण पछिल्लो पुस्ताका केहि विद्यार्थी आयुर्वेद अध्ययनतर्फ आकर्षित भएका छन् भने सेवामा कार्यरत चिकित्सकहरू पनि नेपाललाई आरोग्य नेपाल, समृद्ध नेपालको लक्ष्यतर्फ अघि बढाउन आयुर्वेदलाई राष्ट्रिय प्राथमिकतामा पुऱ्याउने अभियानमा समर्पित छन्। नेपाल सरकारले हालसालै ल्याएको आरोग्य पर्यटन रणनीतिलाई स्वागत गर्दछौं ।

तर अत्यन्त दुःखका साथ उल्लेख गर्नुपरेको छ कि हाल स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको सार्वजनिक भएको प्रस्तावित संगठन संरचनाले आयुर्वेद क्षेत्रलाई **महाशाखाको रुपमा अझ सुदृढ बनाउने, सशक्त संगठन संरचना निर्माण हुने अपेक्षा**को विपरीत यसको नीतिगत नेतृत्वलाई कमजोर बनाएको देखिएको छ। विगतमा रहेको नीति तथा योजना महाशाखा अन्तर्गत रहेको आयुर्वेदको दरबन्दी संरचनासमेत हटाइएकाले आयुर्वेद सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, बजेट व्यवस्थापन, अनुसन्धान, सेवा विस्तार तथा अन्तर्राष्ट्रिय सहकार्य जस्ता विषयहरू प्रभावकारी रूपमा अगाडि बढ्ने आधार कमजोर हुने देखिन्छ।

आज भारतले आयुर्वेदलाई र चीनले परम्परागत चिनियाँ चिकित्सालाई राष्ट्रिय Soft Power का रूपमा विश्वसामु स्थापित गरिरहेका छन्। नेपालमा पनि पर्याप्त वैज्ञानिक आधार, जैविक विविधता, औषधीय वनस्पति, दक्ष जनशक्ति तथा अन्तर्राष्ट्रिय सम्भावना हुँदाहुँदै बलियो संस्थागत संरचनाको अभावमा आयुर्वेदले अपेक्षित गति लिन सकेको छैन।

Phone No.: 977-9856040222 Web: www.adan.org.np E-mail: adannepal.org@gmail.com

**11th Executive Committee**

**President**
Dr. Shankar Gautam
+977-9849196689

**Immediate Past President**
Dr. Shyam Babu Yadav
+977-9851139831

**Senior Vice-President**
Dr. Ramesh Paudel
+977-9845206811

**Vice-President**
Dr. Sirjana Shrestha
+977-9851176775

**Vice-Presidents (Provincial)**
**Koshi Province:**
Dr. Bijay Kumar Singh
**Madhesh Province:**
Dr. Shiv Narayan Gupta
**Bagamati Province:**
Dr. Devendra Kumar Yadav
**Gandaki Province:**
Dr. Narendra Lamichhane
**Lumbini Province:**
Dr. Kailash Neupane
**Karnali Province:**
Dr. Sudarshan Pokhrel
**Sudurpashchim Province:**
Dr. Himal Bhatta

**General Secretary**
Dr. Rishi Keshab Bhusal
+977-9856040222

**Secretary**
Dr. Dipak Mandal
+977-9851033300

**Treasurer**
Dr. Season Koju
+977-9851318045

**Members**
Dr. Santosh Khanal
Dr. Sujit Karna
Dr. Rajan Gnawali
Dr. Sadikshya Pant
Dr. Yogesh Dhakal
Dr. Keshav Neupane
Dr. Pragya Poudel
Dr. Saroj Ray Yadav
Dr. Prashant Shrestha
Dr. Nab Raj Joshi

त्यसैले सम्माननीय प्रधानमन्त्रीज्यूकै प्रत्यक्ष पहलमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, सिंहदरबार वैद्यखाना, आयुर्वेद चिकित्सालय नरदेवी, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, नेपाल आयुर्वेद चिकित्सक संघ, तथा अन्य सरोकारवाला निकायहरूको सहभागितामा **उच्चस्तरीय छलफल** आयोजना गरी नेपालको आयुर्वेद विकासको दीर्घकालीन स्पष्ट मार्गचित्र (Roadmap) तयार गरी तत्काल कार्यान्वयनमा लैजान हार्दिक अनुरोध गर्दछौं।

**अर्को महत्वपूर्ण विषय**

नेपालमा आयुर्वेद स्नातक चिकित्सक उत्पादन भएको धेरै दशक भइसकेको भए तापनि स्नातकोत्तर अध्ययनको अवसर अत्यन्त सीमित छ। नेपालमै अत्यन्त न्यून सिट तथा विदेशमा समेत सीमित अवसरका कारण योग्य चिकित्सकहरू उच्च अध्ययनबाट वञ्चित भइरहेका छन्।

यसै कारण नेपाल आयुर्वेद चिकित्सक संघसहित सम्पूर्ण सरोकारवालाले नरदेवी आयुर्वेद चिकित्सालय, सिंहदरबार वैद्यखाना, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र तथा प्रदेशस्तरीय आयुर्वेद अस्पतालहरूको **उचित संगठन संरचना निर्माण** एवं यी संस्थालाई समेटेर **राष्ट्रिय आयुर्विज्ञान प्रतिष्ठान** स्थापना गरी शैक्षिक केन्द्रका रूपमा समेत विकास गर्नुपर्ने माग निरन्तर उठाउँदै आइएको छ। यस विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष पहल अपेक्षित छ।

**आयुर्वेद चिकित्सा परिषद्को नियुक्ति प्रक्रियासम्बन्धी विषय**

यस संघले सधैं कानुनी शासन, संस्थागत स्थायित्व तथा सरकारका सकारात्मक कार्यहरूमा रचनात्मक सहयोग गर्ने नीति अवलम्बन गर्दै आएको छ। यसै भावनाअनुरूप, नियुक्ति प्रक्रियासँग सम्बन्धित केही विषयमा असन्तुष्टि र प्रश्नहरू रहँदा पनि सरकारको नियमित कार्यसम्पादनमा अनावश्यक अवरोध वा विवाद सिर्जना गर्नु उपयुक्त नठानी हामीले संयम अपनाएका थियौं। तर पछिल्लो समय रजिष्ट्रार पदको Short List प्रक्रियामा देखिएका त्रुटिहरू, अन्तर्वार्तासँग सम्बन्धित विवादास्पद गतिविधिहरू तथा अध्यक्ष पदको सिफारिस प्रक्रियामाथि विभिन्न व्यावसायिक संघ-संस्थाबाट उठाइएका गम्भीर प्रश्नहरूले प्रचलित कानुन, सुशासन र पारदर्शिताप्रति चिन्ता व्यक्त गर्नुपर्ने अवस्था सिर्जना गरेको छ। **विशेषतः आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ (पहिलो संशोधन २०५५) मा व्यवस्था नभएको अतिरिक्त शैक्षिक योग्यता निर्धारण गरी अध्यक्ष पदका लागि धेरै वरिष्ठ तथा अनुभवी चिकित्सकहरूलाई प्रतिस्पर्धाबाट वञ्चित गरिएको विषयले आयुर्वेदकर्मीहरूमा गम्भीर असन्तुष्टि सिर्जना गरेको छ।** त्यसैले सरकारको काममा अवरोध पुर्‍याउने उद्देश्यले नभई कानुनी राज्य, पारदर्शिता र संस्थागत विश्वसनीयताको संरक्षणका लागि यो विषय सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन आवश्यक ठानेका हौं।

हाम्रो धारणा स्पष्ट छ- **प्रचलित कानुन, पारदर्शिता, समान अवसर र प्राकृतिक न्यायको सिद्धान्त अनुरूप योग्यतम व्यक्तिको नियुक्ति** हुनुपर्छ। तसर्थ प्रचलित ऐन विपरीत निर्धारण गरिएका मापदण्ड पुनरावलोकन गरी सबै कानुनी रूपमा योग्य व्यक्तिलाई प्रतिस्पर्धाको समान अवसर उपलब्ध गराई निष्पक्ष प्रक्रियाबाट योग्य नेतृत्व चयन गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष पहलको हार्दिक अनुरोध गर्दछौं।

ने.स., जि.प्र.का., दर्ता नं २४४/०५४-०५५ काठमाडौं

# नेपाल आयुर्वेद चिकित्सक संघ

## AYURVEDA DOCTORS' ASSOCIATION OF NEPAL (ADAN)

काठमाडौँ, नेपाल (Kathmandu, Nepal)

Ref. No:

**11th Executive Committee**

**President**
Dr. Shankar Gautam
+977-9849196689

**Immediate Past President**
Dr. Shyam Babu Yadav
+977-9851139831

**Senior Vice-President**
Dr. Ramesh Paudel
+977-9845206811

**Vice-President**
Dr. Sirjana Shrestha
+977-9851176775

**Vice-Presidents (Provincial)**
**Koshi Province:**
Dr. Bijay Kumar Singh
**Madhesh Province:**
Dr. Shiv Narayan Gupta
**Bagamati Province:**
Dr. Devendra Kumar Yadav
**Gandaki Province:**
Dr. Narendra Lamichhane
**Lumbini Province:**
Dr. Kailash Neupane
**Karnali Province:**
Dr. Sudarshan Pokhrel
**Sudurpashchim Province:**
Dr. Himal Bhatta

**General Secretary**
Dr. Rishi Keshab Bhusal
+977-9856040222

**Secretary**
Dr. Dipak Mandal
+977-9851033300

**Treasurer**
Dr. Season Koju
+977-9851318045

**Members**
Dr. Santosh Khanal
Dr. Sujit Karna
Dr. Rajan Gnawali
Dr. Sadikshya Pant
Dr. Yogesh Dhakal
Dr. Keshav Neupane
Dr. Pragya Poudel
Dr. Saroj Ray Yadav
Dr. Prashant Shrestha
Dr. Nab Raj Joshi

**अन्त्यमा,**

साथै, आयुर्वेद चिकित्सा परिषद्को नाम परिवर्तन गर्ने विषयमा विभिन्न तहमा भइरहेको चर्चाप्रति समेत हाम्रो ध्यानाकर्षण भएको छ। वि.सं. २०४५ सालदेखि स्थापित "**आयुर्वेद चिकित्सा परिषद्- नेपाल**" केवल एउटा संस्था मात्र नभई सम्पूर्ण आयुर्वेदकर्मीहरूको भावनात्मक पहिचान र ऐतिहासिक विरासतसँग जोडिएको संस्था भएकाले यसको मूल मर्म, उद्देश्य तथा ऐतिहासिक पहिचान सुरक्षित रहने गरी मात्र आवश्यक सुधार अगाडि बढाइनेछ भन्ने विश्वास व्यक्त गर्दछौं।

नेपालको स्वास्थ्य प्रणालीलाई उपचारमुखी मात्र नभई रोग प्रतिरोधात्मक, जीवनशैली केन्द्रित तथा आरोग्यमुखी प्रणालीमा रूपान्तरण गर्न आयुर्वेदको सुदृढीकरण अपरिहार्य रहेको विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष ध्यानाकर्षण गराउँदै आवश्यक पहलका लागि हार्दिक अनुरोध गर्दछौं।

**पुनश्चः** यस अघि यस चिकित्सक संघ बाट विभिन्न समयमा स्वास्थ्य मन्त्रालयको नेतृत्व समक्ष पेश गरेका अनुरोध पत्रहरु यसै साथ संलग्न राखी पठाइएको छ ।

धन्यवाद।

**बोधार्थः**

१. माननीय मन्त्रीज्यू, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय।
२. श्रीमान् मुख्यसचिवज्यू, नेपाल सरकार।
३. श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय।

..........................
डा. ऋषि केशव भुषाल
महासचिव
केन्द्रीय कार्यसमिति

..........................
डा. शंकर गौतम
केन्द्रीय कार्यसमिति
अध्यक्ष